आज मिति २०७७ साल माघ ०७ गते सल्यान जिल्लाका प्रमुख जिल्ला अधिकरी श्री हेमराज तामाङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका महानुभावहरुको उपस्थितिमा यस जिल्लामा सार्वजनिक सवारी साधन व्यवस्थित रुपमा संचालन गर्ने सम्बन्धमा यातायात व्यवस्थापन समिति को बैठक बसी देहायका निर्णय गरियो ।

उपस्थिति :-

| | | |
|---|---|---|
| श्री हेमराज तामाङ | प्रमुख जिल्ला अधिकरी | -अध्यक्ष |
| श्री गोविन्द थापा | प्र.ना.उ. जिल्ला प्र.का., सल्यान | -सदस्य |
| श्री डम्वर सिंह तिरुवा | प्रतिनिधि, यातायात व्यवसायी | -सदस्य |
| श्री आनन्द चपाई | प्रमुख, यातायात व्य. का. सुर्खेत | -सदस्य-सचिव |

आमन्त्रित :-

| | |
|---|---|
| श्री थमन खड्का | स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, सल्यान |
| श्री दिपेन्द्र कुमार खत्री | प्रमुख, जिल्ला ट्राफिक प्रहरी कार्यालय, सल्यान |
| श्री अरविन्द कुमार राई | अध्यक्ष, सल्यान रुकुम यातायात प्रा.लि. सल्यान |
| श्री तिर्थराज धिताल | प्रमुख, सल्यान रुकुम यातायात प्रा.लि. सल्यान |

निर्णयहरु :

**निर्णय नं. १. राजमार्ग अवरोध हटाउने जिल्ला समन्वय समितिको अघिल्लो बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा ।**

- राजमार्ग अवरोध हटाउने जिल्ला समन्वय समिति, सल्यानको मिति २०७७/०९/१२ गतेको बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे समीक्षा गर्दा सन्तोषजनक रहेको पाइयो ।

**निर्णय नं. २. यातायात सेवा व्यवस्थापन सम्बन्धमा ।**

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियो :-

- यातायात सेवालाई सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउने ।
- पूराना र मापदण्ड विपरीतका सवारी साधन सञ्चालन हुन नदिने ।
- मालसामान वाहकमा यात्रु बोक्ने र यात्रु बाहकमा मालसामान बोक्ने प्रवृत्तिलाई ट्राफिक चेकजाँच सशक्त बनाई रोक्ने ।
- अनियन्त्रित र चर्को भाडादर असूली गर्नेलाई निगरानी गरी कानूनबमोजिम कारवाही गर्ने ।
- भाडादर प्रत्येक सवारी साधनमा टाँस्नु पर्ने र अन्यथा भए कारवाही गर्ने ।
- महिला, ज्येष्ठ नागरिक र अपाङ्गलाई आरक्षण सिट र ज्येष्ठ नागरिक र विद्यार्थीलाई भाडा छुटको व्यवस्था भए/नभएको अनुगमन कडा रुपमा ट्राफिक प्रहरीले गर्ने र नगरेको पाइएमा तुरुन्त कारवाही गर्ने ।
- यातायात सेवामा सुशासन सुनिश्चित गर्ने ।

**निर्णय नं. ३. खलंगा-बालवा सङ्ग्रही सडकको अस्थायी सवारी सञ्चालन अनुमति सम्बन्धमा ।**

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियो :-

- पूर्वाधार विकास कार्यालय, सुर्खेतको ६२७, मिति २०७५/०२/३० को पत्रबमोजिम बढीमा २० सिटसम्म क्षमता भएको सवारी साधन सञ्चालन गर्न अस्थायी अनुमति दिने ।
- यसअघि मिति २०७६/०३/०१ गतेको यातायात व्यवस्थापन समितिको बैठकबाट निर्णय भएबमोजिमको भाडादर कालोपत्रे सडक खण्डको लागि प्रति किलोमिटर रु ३.५० र कच्ची सडक खण्डको लागि प्रति किलोमिटर रु ८.५० कायम गर्ने ।

**निर्णय नं. ४. यातायात कार्यालयको सेवा सम्बन्धमा ।**

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियो :-

- कर्णाली प्रदेशको जिल्लाका रुपमा सल्यान जिल्ला रहेको हुँदा यसअघि दाङको यातायात कार्यालयबाट लिने सेवा सबै यातायात कार्यालय, सुर्खेतबाट लिने प्रबन्ध गर्ने ।
- जिल्ला प्रशासन कार्यालयले सो सम्बन्धमा यातायात व्यवसायीलाई पत्राचार गर्ने ।

**निर्णय नं. ५. सडक दुर्घटना न्यूनीकरण एवम् रोकथाम सम्बन्धमा ।**

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियो :-

- ट्राफिक प्रहरीले सवारीको क्षमता, सवारीको अवस्था र सडक अनुशासन पालना भए/नभएको कडी कडाइका साथ अनुगमन तथा पालना गर्ने/गराउने ।
- शारदा नगरपालिका वडा नं. ६ को बरलामा बढी सवारी दुर्घटना भएको/दुर्घटना निरन्तर दोहोरिएको हुँदा उच्च दुर्घटना जोखिम क्षेत्र लेखिएको र गति सीमित गर्न निर्देश गर्ने होडिङ बोर्ड राख्ने ।
- उक्त क्षेत्रमा सि.सि.टि.भि. राख्ने तथा अन्य सडक सुरक्षाका भरपर्दो उपाय अवलम्बन गर्ने ।
- ट्राफिक प्रहरीले ठाउँ ठाउँमा संवेदनशीलता र जोखिमस्तर पहिचान गरी चेकिङ स्थान निर्धारण गरी उच्च निगरानी बढाउने ।
- कागजात नभएका, अनुशासन पालन नगरेका र सडक कानूनलाई अपहेलना गर्ने जुनसुकै व्यक्तिलाई तुरुन्त नियन्त्रणमा लिई कारवाही गर्ने ।
- ट्राफिक प्रहरी, सामुदायिक प्रहरी र सरोकारित पक्षको सहभागितामा सवारी सचेतना अभियान/कार्यक्रम सञ्चालन गर्ने ।
- सडकलाई दुर्घटना नहुने गरी सुरक्षित गर्न सडक मर्मत तथा स्तरोन्नति योजनालाई तुरुन्त कार्यान्व्यन गर्न जिल्ला प्रशासन कार्यालय, सल्यानले आवश्यक व्यवस्था गर्ने ।

**निर्णय नं. ६. सरकारी सवारी साधन उपयोग सम्बन्धमा ।**

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियो :-

- सार्वजनिक विदाका दिनमा सरकारी सवारी साधनको प्रयोग गर्नुपर्दा अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालयको स्वीकृति लिनुपर्ने ।
- यस्तो स्वीकृति शान्ति सुरक्षा कायम गर्ने प्रशासन, प्रहरी, सेना र अनुसन्धान कार्यालयका हकमा लागू नहुने ।
- सरकारी सवारी साधनको दुरुपयोग नियन्त्रण तथा सुरक्षा कायम गर्न सबै सरकारी निकायहरु (सुरक्षाा निकाय बाहेक) लाई पत्राचार गर्ने । त्यस्तो पत्राचारको जिल्ला प्रहरी

कार्यालय र जिल्ला प्रशासनलाई बोधार्थ दिई प्राप्त विवरणको चुस्त अभिलेख राखी दुरुपयोग नियन्त्रण र सुरक्षा कायम गर्ने प्रबन्ध गर्ने ।

**निर्णय नं. ७. स्थानीय सडकको लगत तथा स्थानीय सडक सञ्चालन सम्बन्धमा ।**

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियो :-

- सबै पालिकालाई स्थानीय तहको सडकको नाम, लम्बाइ र यातायात सेवा सञ्चालन भए/नभएको विवरण अनिवार्य पठाउन अनुरोध गर्ने ।
- अवैधानिक रुपमा सञ्चालित स्थानीय सडकलाई वैधानिक रुपमा सञ्चालित हुने प्रबन्ध गर्न त्यस्ता सडक सञ्चालन गर्न मिल्ने/नमिल्ने विवरण खुलेको इन्जिनियरिङसहितको टोलीले तयार गरेको प्रतिवेदन सम्बन्धित पालिकाले जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने ।
- उक्त प्रतिवेदनको आधारमा त्यस्ता स्थानीय सडकलाई वैधानिक रुपले सञ्चालन गर्न अस्थायी यातायात सञ्चालन अनुमति दिने व्यवस्था गर्ने ।